# रिब्दीकोट तथा रैनादेवी छहरा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय,

## खस्यौली तथा छहरा पाल्पा

# बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति : २०७५/३/१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (३) ले गरेको व्यवस्था अनुरुप रिब्दीकोट/रैनादेवी छहरा गाउपालिकाबाट तपसिलमा उल्लेखित ठेक्का निम्न अवधिको लागि ठेक्कामा लगाइने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र पेश गर्न चाहने ईच्छुक फर्म तथा ब्यक्तिहरुले यस रिब्दीकोट गाउँपालिकाको कार्यालयबाट पछि फिर्ता नहुने गरी बोलपत्र फारम खरिद गरी बोलपत्र पेश गर्नुहोला । बोलपत्र दिँदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम रा. वा. बैंक, हार्थोक शाखामा रहेको यस कार्यालयको हि. नं.३०३०३०३००७११० धरौटी खातामा जम्मा गरेको वैंक भौचर संलग्न हुनु पर्नेछ । ठेक्काको शर्त तल उल्लेख गरिएको छ । तत्सम्बन्धमा विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिने छ ।

शर्तहरु :

१. बोलपत्र पेश गर्न चाहने फर्म/व्यक्तिले रिब्दीकोट गाउँपालिका कार्यालयबाट पछि फिर्ता नहुने गरी रु. ३०००/- तिरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फारम खरिद गर्ने मिति :- यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म ।
३. बोलपत्र दाखिल गर्ने मिति :- बोलपत्र मिति २०७५।०४।१६ गते दिनको १२ बजे भित्र दाखिला गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट सोही समय भित्र गर्नु पर्नेछ ।
४. बोलपत्र खोल्ने स्थान र समय :- बोलपत्र रिब्दीकोट गाउँपालिकाको कार्यालयमा मिति २०७५।०४।१६ गतेदिनको २ बजे बोलपत्रदाता र दुवै गाउँपालिकाका कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार रिब्दीकोट गाउँपालिकामा सुरक्षित रहने छ ।
६. ठेक्का स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक अकंको तिन किस्ता मध्ये एक किस्ता अग्रीम बुझाउनु पर्नेछ र बाँकी दुई किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०७६ साल श्रावण महिना सम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । बांकी किस्ता रकम ४/४ महिनाको फरकमा अग्रीम वुझाउनु पर्नेछ । प्रथम किस्ता बुझाई वैंक ग्यारेण्टी पेश गर्न नसकेको कारण देखाई वैंक ग्यारेन्टी पेश गर्न समय थप माग गर्न पाइने छैन । समय भित्र बैंक ग्यारेण्टी पेश नगरेमा नियमानुसार हुनेछ ।
७. ठेक्का स्वीकृत भएमा कर उठाउने स्थानको व्यवस्थापन संचालन गर्ने जिम्मा ठेकेदारको हुनेछ ।
८. तोकिएको दर बाहेकको कर लिन पाइने छैन । तोकिए बाहेकको कर लिएमा वा करदाताको निवेदन पर्न आएमा जे जति रकम अनियमित तरिकाबाट असुल गरिएको हो त्यतिनै रकम सम्वन्धित करदातालाई फिर्ता गर्नु पर्नेछ र त्यतिनै रकम गाउँपालिकालाई हर्जाना समेत बुझाउनु पर्नेछ । यस्तो कार्य पटक पटक दोहोरिएमा ठेक्का तोडी गाउँपालिकाले अर्को व्यवस्था गर्नेछ । यसरी ठेक्का तोड्दा गाउँपालिकालाई भएको हानी नोक्सानी ठेकेदारले जम्मा गरेको जमानतबाट असुल उपर गरिनेछ ।
९. मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा व्यक्तिको हकमा मूल्य अभिवृद्धि कर तथा आय ठेकेदार स्वयमले कर कार्यालयमा बुझाउनु पर्नेछ, र मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्तिको हकमा मूल्य अभिवृद्धि कर तथा आयकर गाउँपालिकाले किस्ता रकमसँगै असुल गर्नेछ ।
१०. ठेक्कामा उठाउने करको दर विवरण/Bid document तथा संभौता पत्रमा समावेश गरिनेछ ।
११. उठाउने तरिका : गाउँपालिकाले तोकेको स्थानमा उठाउने, करको दरको विवरण सबैले देख्ने गरी होडिङ्ग वोर्ड राखेर मात्र कर असुल गर्नु पर्नेछ । रकम लिएपछि गाउँपालिकाबाट प्रमाणित गरि ठेक्दारले लिएको रसिद अनिवार्य रुपमा सम्वन्धितलाई दिनुपर्ने छ ।
१२. सवारी कर लिन नपाइने : सरकारी, संस्थान, कुटनैतिक नियोग, एम्बुलेन्स, मोटरसाइकल, प्रेस पास बोकेका पत्रकारको सवारी साधनमा कर लिन पाइने छैन । बाटो निर्माण तथा मर्मतमा प्रयोग हुने सवारी साधनमा गाउँपालिकाले कर नलिने गरी निर्देशन गरेमा त्यस्ता सवारी साधनमा कर लिन पाइने छैन । साथै गाउँपालिकाले भाडामा लिएको सवारी साधनको हकमा सम्झौता गरि लिएको समायावधिका लागि नअसुल्ने भनि लेखि पठाएमा कर लिन पाइने छैन ।
१३. गाउँपालिकाहरुबाट लगाइएका आन्तरिक आय ठेक्कामा ठेक्का स्वीकृत भै कार्यशुरु भएपछि कुनै पनि किसिमको मिनाहा छुट दिइने छैन ।
१४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ साल आषाढ मसान्तसम्मको लागि मात्र हुनेछ ।
१५. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने जमानत वा अन्य कागजातहरु पेश गर्न ढिलाई गरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१६. ठेक अंक एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ ।
१७. व्यवसायिक प्रयोजनमा प्रयोग गरिएको सवारी साधन बाहेक अन्य सवारी साधनलाई एक दिनमा एकपटक मात्र प्रवेश शुल्क लिनुपर्ने छ ।
१८. यस सम्बन्धमा अन्य जानकारी चाहिएमा कार्यालय समय भित्र ०७५-६२००५५ र ०७५-६९२३०७ मा सम्पर्क राख्न सकिने छ ।

तपसिल

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक अंक (भ्याट वाहेक)रु. |
|---|---|---|
| १. | हार्थोक-बतासे-छहरा-तिनगिरे सडक सवारी कर | ३१,००,०००/- |

प्रमुख प्रशासकीय अधिकृत